२०७६/०८/०५

बैठक संख्या: ०५

आज मिति २०७६/०८/०५ गतेका दिन यस जोरायल गाउँपालिकाका ~~अध्यक्ष~~ श्री दुर्गादत्त ओझा ज्यू को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक तपसील अनुसार उपस्थितिमा बसी तपसील बमोजिमको निर्णयहरू गरियो।

तपसील

| | | |
|---|---|---|
| १. | श्री दुर्गादत्त ओझा | - अध्यक्ष |
| २. | श्री जशना बोहरा | - उपाध्यक्ष |
| ३. | श्री मजन सिं मल्ल | - १नं. वडाध्यक्ष |
| ४. | श्री मान बहादुर मल्ल | - २नं. " |
| ५. | श्री दिनेश कुमार मल्ल | - ३नं. " |
| ६. | श्री नन्द राज भट्ट | - ४नं. " |
| ७. | श्री हवज बहादुर देउवा | - ५नं. " |
| ८. | श्री लाल बहादुर साउँद | - ६नं. " |
| ९. | श्री केशव नेपाली | - कार्यपालिका सदस्य |
| १०. | श्री खगिता वि.क. | - " " |
| ११. | श्री पम्पा थापा | - " " |
| १२. | श्री तेज बहादुर खत्री | - नि. प्रमुख प्रशासकीय अधिकृत |
| १३. | श्री नर बहादुर वि.क. | - कार्यपालिका सदस्य |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| १४. | श्री चन्द्रसिंह ऐडी | - योजना अधिकृत |
| १५. | श्री बबिता रावत | - लेखा अधिकृत |
| १६. | श्री नरेश कुमार भट्ट | - इन्जिनियर |
| १७. | श्री हरिश खड्का | - IT officer |
| १८ | श्री लक्ष्मण राज भण्डारी | - ले.ले.पा. |

१. DPR सम्बन्धमा।
२. IEE सम्बन्धमा।
३. गाउँसभा सम्बन्धमा।
४. महिला तथा बालबालिका कार्यक्रम सम्बन्धमा।
५. गाई व्यवस्थापन सम्बन्धमा।
६. ऐन/कानुन निर्माण सम्बन्धमा।
७. 'घ' वर्गको निर्माण निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा।
८. घरेरी सम्बन्धमा।
९. रोजगारी संयोजक सम्बन्धमा।
१०. इन्टरनेट सम्बन्धमा।
११. अनुगमन खर्च/विविध खर्च भुक्तानी सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जोरायल गा.पा. ३, २ ४ नं. वडामा संघीय सरकारबाट प्राप्त समपूरक अनुदानबाट निर्माण हुने ~~चनकोट~~ चनकोट - हाट सडक स्तरोन्नति कार्यका लागि DPR तयार गर्न गाउँपालिकाको पूँजीगत अनुसन्धान तथा परामर्श शीर्षकबाट रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. २: जोरायल गाउँपालिकाबाट कार्यान्वयन हुने तपसील बमोजिमका सडक योजनाको IEE गर्न निर्णय गरियो। साथै सोका लागि प्राविधिक लागत अनुमानका आधारमा ~~सोका~~ आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो।

१. अत्याडी शिखर सडक
२. मुड्पोल आलीबारा, दह खेलकडा
३. च्युन्चुनढुङ्गा निरौली रिखाड सडक
४. जोल्डेन खार कास्ती सडक
५. खिलड्डी बाग विनोडा - गाजरी ढेँगाड सडक

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा जोरायल गाउँपालिकाको आ.व. २०७६/०७७ को छैठौं अधिवेशन मिति: २०७६/०३/२७ र २८ गर्ने निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व. २०७६/०७७ मा महिला तथा बालबालिका तर्फ विनियोजित रकमबाट विभिन्न दिवस खर्च तथा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विभिन्न वडामा भएका कार्यक्रमको खर्च भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ५: यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा रहेका धारा गाई व्यवस्थापनका लागि गाउँपालिकाको सैपटी आउने च्यालुखर्च बाट १५००००/- विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६: यस गाउँपालिका हुने क्रियाकलाप तथा अन्य सेवा प्रवाहलाई नियमसंगत बनाउन आवश्यक ऐन, कानुन, नीति तथा कार्यविधी बनाउनका लागि सेवा तथा परामर्श खर्चबाट आवश्यक रकम रु. विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ७: यस गाउँपालिका पेश भएको निवेदन बमोजिम मालिका कन्स्ट्रक्सन [illegible]

को लागि दफा २ (१) बमोजिम प्राविधिकबाट प्राप्त सिफारिस बमोजिम दफा ४ (२) अनुसार 'घ' वर्गको इजाजत पत्र दिने निर्णय गरियो।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाँउपालिका बाट आ.व. २०७६/०७७ मा कार्यान्वयन हुने योजनाको रकम भुक्तानी गर्दा गाँउपालिकाले व्यहोर्ने रकमको ५% का दरले हुने रकम धरौटीवापत कट्टी गर्ने निर्णय गरियो।

निर्णय नं. ९: यस गाँउपालिकामा रिक्त रोजगार संयोजकको पद पूर्तिका लागि १५ दिने विज्ञापन सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. १०: जोरायल गा.पा. ४ मा रहेका लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई गाँउपालिको डिभाइस बाट प्रयोग गर्ने गरी नेपाल टेलिकमबाट १ MBPS थपिने गरी Device प्रयोग गर्न दिने निर्णय गरियो।

निर्णय नं. ११: जोरायल गाँउपालिकामा जिल्ला समन्वय समिति डोटीबाट, जिल्ला प्रशासन, गाँउपालिका राष्ट्रिय महासंघबाट भएका भ्रमण तथा अनुगमनमा भएको खाना, आवास तथा खाजा खर्च रकम ~~[illegible]~~ विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १२: जोरायल गाँउपालिका पशु सेवा शाखामा कार्यरत रेशमा कठायतको राष्ट्रिय योजना आयोगबाट म्याद समाप्त भएकाले निजलाई पशु सेवा शाखाको ना.प.स्वा.प्रा. पदमा निरन्तरता हुने गरे म्याद थप्ने निर्णय गरियो।

निर्णय नं. १३: जोरायल गाँउपालिका २ नं. वडामा निर्माण हुने महिला वडा प्रशासकिय भवनको कुल लागत अनुमानको गाँउपालिकाले ४०% (चालीस) समपूरक कोषबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं. १४: यस जोरायल गाँउपालिका अन्तर्गत गरिब घर पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको सम्पर्क व्यक्ति (Focal Person) सूचना प्रविधि अधिकृत हरिलाल खड्कालाई तोक्ने निर्णय गरियो।

निर्णय नं. १५: प्रस्ताव नं. १४ माथी छलफल गर्दा नेपाल सरकार बाट घोषणा भएको नेपाल भ्रमण वर्ष "2020" सफल पार्न तथा यस गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्य, कला संस्कृतिको पहिचान तथा ऐतिहासिक महत्वका स्थलहरु समेटी गाउँपालिका प्रवेशद्वार तथा मुख्य मुख्य ठाउँमा होर्डिङ बोर्ड तथा फल्याक्स व्यानर बनाई प्रचारप्रसार गर्ने निर्णय गरियो।

निर्णय नं. १६: यस गाउँपालिका हालसम्म भएका विकास निर्माण, नमुना कामहरु तथा उपलब्धी समेटिएको Documentary बनाउने र सो का लागि पाँच लाख विनियोजन गर्ने निर्णय गरियो।